

# समुदाय-प्रहरी साझेदारिता
# (Community-Police Partnership)

| प्रहरी | स्थानीय तह | समुदाय | विद्यालय |
| --- | --- | --- | --- |
| | | | |

जिल्ला प्रहरी कार्यालय, बागलुङ
मार्ग, २०७५

# स्वागतम्

मितिः- २०७५।०८।१७ गते

प्रस्तुतकर्ताः प्र.उ. दिपक रेग्मी
जि.प्र.का. बागलुङ ।

# अवधारणा (Concept)

- अपराध रोकथाम, सामाजिक विकृति विसंगति विरुद्ध जनचेतना र समग्रमा सामुदायिक सुरक्षालाई अभिवृद्धि गर्न नेपाल प्रहरी र स्थानीय तहको बीचमा संस्थागत साझेदारिता निर्माण गर्ने ।
- नेपाल प्रहरी, स्थानीय तह, विद्यमान सामुदायिक (प्रहरी) सेवा केन्द्रहरू, विभिन्न क्षेत्रका गैह्र राजनीतिक सामुदायिक र सामाजिक संघ संस्थाहरु, माध्यमिक तहसम्मका विद्यालयहरु र समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरुको सहभागिता हुने ।
- जिल्ला, पालिका, वडा, टोल र विद्यालय स्तरमा समितिहरु गठन गरी वृहत राष्ट्रिय साझेदारिता निर्माण गर्ने ।

# अवधारणा (Concept)

- "विकासको पूर्व शर्त सुरक्षा हो र विकास नै सुरक्षित समाजको आधार हो" भन्ने अन्तरसम्बन्धलाई मनन् गर्दै स्थानीय विकास र सुरक्षा अवधारणालाई एकीकृत गरी सामुदायिक प्रहरी सेवालाई थप प्रभावकारी बनाउने ।
- स्थानीय तहको सामाजिक न्याय, सुरक्षा, मेलमिलाप, सामुदायिक शिक्षा र जनचेतनाको दायित्व तथा नेपाल प्रहरीको अपराध नियन्त्रण र रोकथाम गर्ने दायित्वलाई संस्थागत सहकार्य र समन्वयको माध्यमबाट पूरा गर्न नेपाल प्रहरी र स्थानीय तह बीच समुदाय-प्रहरी साझेदारिता (Community-Police

# स्थानीय तह र नेपाल प्रहरीको साझेदारिताको औचित्य

शासन सञ्चालन

| नेपाल प्रहरी | साझा जिम्मेवारीहरू | स्थानीय तह |
|---|---|---|

६२, ६३, ६४

स्थानीय प्रशासन, सरकारी तथा गैरसरकारी संघसंस्था र कार्यालयसँग सम्पर्क र समन्वय

टोलटोलमा पुगी नागरिकसँग निरन्तर भेटघाट, छलफल, अन्तरक्रिया

- जिउधनको सुरक्षा (Security of Life and Property)
- सामाजिक विकृति रोकथाम (Prevention of Social Evils)
- सामुदायिक सचेतना (Community Awareness)
- विपद व्यवस्थापन (Disaster Management)
- मध्यस्थता र मेलमिलाप (Mediation and Reconciliation)
- बातावरण संरक्षण (Environmental Protection)
- विद्यालय सचेतना (School Awareness)
- जोखिममा रहेका समुह (महिला, बालबालिका, वृद्ध) को संरक्षण (Protection of Vulnerable Groups)

गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरमा विकास निर्माण तथा सेवा प्रवाह क्रममा विभिन्न संस्थाहरूको परिचालन र

# साझेदारिताका उद्देश्यहरू

- प्रहरी-स्थानीय तह-समुदाय-विद्यालयबीच साझेदारिता निर्माण गरी सामुदायिक सुरक्षालाई संस्थागत गर्नु,
- जघन्य अपराध, महिला बालबालिका बिरुद्धका अपराध र हिंसा, घरेलु हिंसा तथा सामाजिक विकृति विसंगति विरुद्ध सामाजिक सचेतना जगाउनु र सामुदायिक सुरक्षालाई संगठित र दिगो रूपमा प्रवर्धन गर्नु,
- समाजका संवेदनशील वर्गका रूपमा रहेका बालबालिकाहरूमा सुरक्षा सचेतना बढाई अपराधको जोखिमबाट बचाउनु तथा भविश्यका कर्णधार बालबालिकाहरूलाई राष्ट्र र समाजप्रति जिम्मेवार नागरिकको रूपमा विकास गर्नु,
- वातावरण संरक्षण, विपद् व्यवस्थापन र सामुदायिक सुरक्षाका अन्य विषयहरूमा एकीकृत स्वयंसेवक परिचालन र व्यापक जनसहभागिताको लागि सामाजिक संघ संस्थाहरू बीच वृहत् सञ्जाल र साझेदारिता निर्माण गर्नु,

# साझेदारिता निर्माणको प्रक्रिया

- समुदाय-प्रहरी साझेदारिता निर्माणको लागि प्रदेश प्रहरी कार्यालय, महानगरीय प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय र महानगरीय प्रहरी परिसरहरुले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकाका पदाधिकारीहरुसँग छलफल र अन्तर्क्रिया गरी प्रत्येक स्थानीय तहसँग समझदारी गर्नेछन्
- समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर
- महानगरपालिका - प्रदेश/महानगरीय प्रहरी कार्यालय
- उप-महानगरपालिका - नगरपालिका र गाउँपालिका - जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसर
- समझदारी पत्रमा हस्ताक्षर पश्चात समुदाय-प्रहरी जिल्ला समिति र समुदाय-प्रहरी पालिका समितिहरुको निर्माण गरिने
- पालिका समितिहरु कार्यान्वयनमा आईसकेपश्चात प्रहरी जनशक्तिको उपलब्धता र व्यवस्थापन क्षमता अनुसार क्रमिक रुपमा समुदाय-प्रहरी वडा

# समुदाय-प्रहरी साझेदारिताका आधारभूत संरचना

- १ जिल्ला — समुदाय-प्रहरी जिल्ला समिति (Community-Police District Committee)
- २ पालिका — समुदाय-प्रहरी पालिका समिति (Community-Police Municipal Committee)
- ३ वडा — समुदाय-प्रहरी वडा समिति (Community-Police Ward Committee)
- ४ टोल — समुदाय-प्रहरी टोल समिति (Community-Police Tole Committee)
- ५ विद्यालय — प्रहरी-विद्यालय सम्पर्क समिति (Police-School Liaison Committee)

# समुदाय-प्रहरी साझेदारिता, जिल्ला समितिको संरचना

**सल्लाहकार: प्रमुख जिल्ला अधिकारी**

१)संयोजक, जिल्ला समन्वय समिति - संयोजक

२)जिल्ला सदरमुकाम स्थित पालिका मेयर/ प्रमुख - विशिष्ट सदस्य

३)जिल्ला प्रहरी प्रमुख - सह-संयोजक

४)जिल्ला प्रहरी कार्यालय, सामुदायिक सम्पर्क अधिकृत - सदस्य सचिव

५)सामुदायिक र संस्थागत विद्यालय सम्बन्धी जिल्लास्तरीय संस्थाहरू - सदस्य

६)अभिभावक सम्बन्धी जिल्लास्तरीय संस्था - सदस्य

७)महिला तथा बालबालिका सम्बन्धी जिल्लास्तरीय संस्थाहरू - सदस्य

८)सामुदायिक सञ्चारका जिल्लास्तरीय संस्था - सदस्य

९)जिल्ला बाल क्लब - सदस्य

# समुदाय-प्रहरी साझेदारिता, पालिका समितिको संरचना

१. पालिका मेयर/प्रमुख - संयोजक
२. पालिका उप-मेयर/प्रमुख - सह-संयोजक
३. जिल्ला प्रहरी प्रमुखले तोकेको सिनियर प्रहरी अधिकृत - सह-संयोजक
४. वडा अध्यक्षहरू - सदस्य
५. पालिका स्तरीय सामुदायिक (प्रहरी) सेवा केन्द्र - सदस्य
६. पालिका स्तरीय सामुदायिक र संस्थागत विद्यालय सम्बन्धी संगठित संस्था - सदस्य
७. पालिका स्तरीय सामाजिक/सामुदायिक संस्थाहरू - सदस्य
८. पालिका स्तरीय सामुदायिक सञ्चार संस्था - सदस्य
९. पालिका स्तरीय महिला तथा बालबालिका सम्बन्धी संस्थाहरू - सदस्य
१०. स्थानीय प्रहरी ईकाई प्रमुख - सदस्य सचिव

स्थानीय प्रहरी ईकाई प्रमुख सह-संयोजक तोकिएको अवस्थामा स्थानीय प्रहरी ईकाई प्रमुखले तोकेको प्रहरी

# समुदाय-प्रहरी साझेदारिता, वडा समितिको संरचना

१. वडा कार्यालयका अध्यक्ष - संयोजक
२. वडा समन्वय प्रहरी - सह-संयोजक
३. वडा सदस्यहरू - सदस्य
४. लब्ध प्रतिष्ठित समाजसेवीहरू (३) - सदस्य

**सदस्य संस्थाहरू:**

१. वडा स्तरीय सामुदायिक (प्रहरी) सेवा केन्द्रहरू - सदस्य
२. वडाभित्र रहेका सामाजिक संस्थाहरू - सदस्य

# समुदाय-प्रहरी साझेदारिता, टोल समितिको संरचना

- पालिका र वडा समितिहरू कार्यान्वयनमा आए पश्चात् सामुदायिक सुरक्षाको दायरा टोल स्तरसम्म विस्तार हुने,
- वडा क्षेत्रलाई जनसंख्या र भौगोलिक अवस्थालाई मध्यनजर गरी कम्तिमा ४ वटा प्रमुख टोलमा विभाजन गरीने,

१. वडा सदस्य - संयोजक

२. टोलभित्र रहने घर परिवारहरू मध्येबाट - सदस्य (१० जना वा वडा समितिले निर्धारण गरे बमोजिम)

३. वडा समन्वय प्रहरी - पदेन सदस्य

# प्रहरी-विद्यालय सम्पर्क समिति (Police-School Liaison Committee)

पालिका अन्तर्गतमा रहेका माध्यामिकस्तर (१०+२), वा आधारभूत शिक्षा (१-८ कक्षा) सञ्चालन हुने विद्यालयहरूमा विद्यार्थी र अभिभावकहरूको लागि सामुदायिक सुरक्षा सम्बन्धी सचेतना जगाउन देहाय बमोजिमको प्रहरी-विद्यालय सम्पर्क समिति गठन गरिनेछ:

१. प्रधानाध्यापक - संयोजक
२. शिक्षक प्रतिनिधि (सम्भव भएसम्म खेलकुद शिक्षक) - सदस्य
३. बाल क्लब वा विद्यार्थी प्रतिनिधिहरू (२ जना छात्र, २ जना छात्रा) - सदस्य
४. अभिभावक प्रतिनिधि - सदस्य
५. विद्यालय-सम्पर्क प्रहरी (वडा समन्वय गर्ने प्रहरी) -

# साझेदारिता का क्षेत्रहरु

१ अपराध रोकथाम र सामुदायिक सचेतना

२ विद्यालय सम्पर्क कार्यक्रम

३ स्थानीय सुरक्षा समन्वय

४ CCTV र अन्य सुरक्षा उपकरणहरुको स्थापना र विस्तार

५ सामुदायिक गस्ति र प्रहरी गतिशिलता

६ एकीकृत स्वयंसेवक परिचालन

७ घरधुरी बिबरण संकलन

# सामुदायिक कार्यक्रमहरूका विषयहरू

- आधारभूत सुरक्षा सचेतना
- प्रहरी र स्थानीय तहबाट प्राप्त हुने सेवा तथा सहयोग सम्बन्धी जनचेतना
- CCTV र अन्य सुरक्षा उपकरणहरूको विस्तार
- महिला तथा बालबालिका विरुद्धका अपराध र हिंसा विरुद्ध सचेतना
- बाल विवाह/दाईजो /छाउपडी/बोक्सी प्रथा र सामाजिक विकृति विरुद्ध कार्यक्रम
- मानव बेचविखन बिरुद्ध कार्यक्रम
- स्वास्थ्य शिविर (Health Camp)
- सडक सुरक्षा
- लागू औषध
- विपद् व्यवस्थापन
- साईबर सुरक्षा (ईन्टरनेट र सामाजिक सञ्जाल)
- वातावरण संरक्षण र सरसफाई

# सामुदायिक कार्यक्रमका माध्यमहरू

- मिडिया कार्यक्रम (रेडियो, एफ.एम. आदि)
- साँस्कृतिक कार्यक्रम (ब्याण्ड डिस्प्ले इत्यादि)
- प्रशिक्षण
- खेलकुद
- घरदैलो कार्यक्रम
- सार्वजनिक सुनुवाई
- हाते पुस्तिका, पम्पलेट बितर
- सामुदायिक गस्ती
- अन्तरक्रिया कार्यक्रम
- श्रव्यदृष्य प्रस्तुतिहरू
- सामुदायिक बैठकहरू
- र्‍याली

# सामुदायिक सुरक्षा पाठ्यक्रम



प्रहरीसँग एक दिन



- सडक सुरक्षा
- लागू औषध
- आधारभूत सुरक्षा
- आधारभूत कानून
- महिला/बाल हिंसा
- अपराध रोकथाम र जिम्मेवारी
- सहायता (१००) – (१०३) –
- साईबर सुरक्षा (ईन्टरनेट र सामाजिक सञ्जाल)

# विद्यालय सम्पर्क कार्यक्रमका माध्यमहरू

मिडिया कार्यक्रम (रेडियो, एफ.एम. आदि)

साँस्कृतिक कार्यक्रम

अन्तरक्रियात्मक प्रवचन

खेलकुद

विद्यालय प्रार्थना सम्बोधन

बैठक

अभिभावक भेला

स्वयंसेवक परिचालन

र्‍याली

प्रहरीसंग एक दिन

व्यहवारिक प्रशिक्षण

हाते पुस्तिका, पम्पलेट वितरण

# स्वयंसेवकहरूको एकीकृत परिचालन (1 of 3)

- समुदाय-प्रहरी साझेदारितामा आबद्ध संस्था, विद्यार्थी तथा अन्य व्यक्तिहरूलाई 'स्वयंसेवक' को मान्यता दिई एकीकृत परिचालन गरिने
- स्वयंसेवकहरूको अभिलेख (Roster) बनाउने
- स्वयंसेवकको वर्गीकरण
  - स्वयंसेवक संस्था (Volunteer Organizations)
  - विद्यार्थी स्वयंसेवक (Student Volunteers)
  - स्वयंसेवक (Volunteers)

# स्वयंसेवकहरूको एकीकृत परिचालन (2 of 3)

- स्वयंसेवकको परिचालन
  - स्वयंसेवकहरूको विशेषज्ञता र क्षमता सम्बन्धी विवरणहरू संकलन गरी अभिलेखीकरण गरिने,
  - जिल्ला प्रहरी कार्यालय र स्थानीय तहमा रहेका प्रहरी कार्यालयले स्वयंसेवकको अभिलेख अद्यावधिक गर्ने,
  - बिषय र सन्दर्भ अनुरूप स्वयंसेवकहरूको बिशेषज्ञता र क्षमतालाई समेत उपयोग गरिने,
  - आवश्यकता अनुसार स्वयंसेवकहरूको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिने,
  - विशेष गरी वातावरण संरक्षण, विपद् व्यवस्थापन र जनचेतनामूलक कार्यक्रममा स्वयंसेवकहरूको एकीकरण र

# स्वयंसेवकहरूको एकीकृत परिचालन (3 of 3)

- सामुदायिक सेवाको प्रमाणपत्र
  - निश्चित मापदण्ड पुरा गरेपश्चात (कार्यक्रम आयोजना तथा सहभागिता) आधारमा स्वयंसेवक संस्थाहरूलाई सामुदायिक सेवाको प्रमाणपत्र प्रदान गरिने,
  - विद्यार्थी स्वयंसेवक र अन्य स्वयंसेवकहरूको हकमा सामुदायिक कार्यक्रममा संयोजन वा महत्वपूर्ण जिम्मेवारी बहन गरे अनुरूप सामुदायिक सेवाको प्रमाणपत्र प्रदान

# न्युनतम साझा कार्यक्रम (1 of 2)

| सि. नं. | कार्यक्रम | न्यूनतम बार्षिक साझा कार्यक्रम | सञ्चित कार्यक्रम (Cumulative Programs) | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय सामुदायिक कार्यक्रम | १ | १ | प्रहरी प्रधान कार्यालयले शान्ति सुरक्षाको राष्ट्रिय चासोको विषयमा निर्धारण गरेको कार्यक्रम |
| २ | प्रादेशिक सामुदायिक कार्यक्रम | १ | २ | प्रदेश प्रहरी कार्यालयले शान्ति सुरक्षाको प्रादेशिक चासोको विषयमा निर्धारण गरेको कार्यक्रम |
| ३ | जिल्ला स्तरीय सामुदायिक कार्यक्रम | २ | ४ | समुदाय-प्रहरी जिल्ला समितिले उपयुक्त विषयमा निर्धारण गरेको कार्यक्रम |
| | पालिका स्तरीय | | | समुदाय-प्रहरी पालिका समितिले |

# न्यूनतम प्रहरी - विद्यालय सम्पर्क कार्यक्रम

- "एक विद्यालय - एक कार्यक्रम (One School - One Program)"
- प्रहरी विद्यालय सम्पर्क समिति गठन भएका र नभएका विद्यालयहरूमा समेत प्रहरी प्रधान कार्यालयले विकास गरेको 'राष्ट्रिय सामुदायिक सुरक्षा पाठ्यक्रम' को न्यूनतम एक कार्यक्रम लागू गरिने
- राष्ट्रिय तहमा वार्षिक न्यूनतम ४०,००० विद्यालय सम्पर्क कार्यक्रमहरू सञ्चालन हुने



# कार्यालय व्यवस्थापन



- समुदाय-प्रहरी जिल्ला समितिको कार्यालय सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा रहने,
- समुदाय-प्रहरी पालिका समितिको कार्यालय सम्बन्धित स्थानीय प्रहरी ईकाईमा रहने,
- समुदाय-प्रहरी वडा समितिको कार्यालय सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा रहने

# सामुदायिक कार्यक्रमहरूको एकीकृत संयोजन र व्यवस्थापन

- राष्ट्रिय सामुदायिक कार्यक्रम
  - प्रहरी प्रधान कार्यालय
  - सामुदायिक सुरक्षा महाशाखा
- प्रादेशिक/महानगरीय सामुदायिक कार्यक्रम
  - प्रदेश/महानगरीय प्रहरी कार्यालय, सामुदायिक शाखा
  - प्रदेश/महानगरीय सामुदायिक सम्पर्क अधिकृत (State Community Focal Officer)
- जिल्ला स्तरीय सामुदायिक कार्यक्रम
  - जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसर, सामुदायिक शाखा
  - जिल्ला/परिसर सामुदायिक सम्पर्क अधिकृत (District/Range Community Focal Officer)
- स्थानीय सामुदायिक कार्यक्रम

# जनशक्ति

| सि.नं. | प्रहरी प्रतिनिधित्व | काठमाण्डौ र ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका | अन्य महानगरपालिका/ उपमहानगरपालिका | नगरपालिका/गाउँ पालिका |
|---|---|---|---|---|
| १ | समुदाय-प्रहरी जिल्ला समिति (सह-संयोजक) | जिल्ला प्रहरी प्रमुख (१) | | |
| २ | समुदाय-प्रहरी जिल्ला समिति (सदस्य - सचिव) | जिल्ला प्रहरी कार्यालयको सामुदायिक सम्पर्क अधिकृत (Community Focal Officer) (१) | | |
| ३ | समुदाय-प्रहरी पालिका समिति (सह-संयोजक) | प्रहरी उपरीक्षक/प्रहरी नायव उपरीक्षक (१) | प्रहरी नायव उपरीक्षक/प्रहरी निरीक्षक (१) | प्रहरी नायव उपरीक्षक/प्रहरी निरीक्षक (१) |
| ४ | समुदाय-प्रहरी पालिका समिति (सदस्य - सचिव) (सम्भव भएसम्म स्थानीय प्रहरी कार्यालय प्रमुख) | प्रहरी निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक (१) |

# जनशक्ति

| सि.नं. | प्रहरी प्रतिनिधित्व | काठमाण्डौ र ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका | अन्य महानगरपालिका/ उपमहानगरपालिका | नगरपालिका/गाउँ पालिका |
|---|---|---|---|---|
| ५ | समुदाय-प्रहरी वडा समिति (सह-संयोजक) | प्रहरी वृत्त - प्रहरी निरीक्षक (१)<br>प्रहरी प्रभाग - प्रहरी नायव/सहायक निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक (१) | प्रहरी नायव/सहायक निरीक्षक वा प्रहरी हवल्दार/जवान (१) |
| ६ | समुदाय-प्रहरी वडा समिति (सदस्य-सचिव) | प्रहरी वृत्त - प्रहरी नायव/सहायक निरीक्षक (१)<br>प्रहरी प्रभाग - प्रहरी हवल्दार/जवान (१) | प्रहरी हवल्दार/जवान (१) | प्रहरी हवल्दार/जवान (१) |
| ७ | विद्यालय सम्पर्क प्रहरी | वडा समितिहरुमा प्रतिनिधित्व गर्ने प्रहरी कर्मचारीले 'विद्यालय सम्पर्क प्रहरी' को रुपमा काम गर्ने<br>वडा समितिहरु निर्माण नहुँदाको अवस्थामा पनि सम्बन्धित प्रहरी ईकाईबाट विद्यालय सम्पर्क समिति गठन गर्न सकिने | | |

# कार्यविधि

- समुदाय-प्रहरी समितिहरूका नियमित बैठकमा नेपाल प्रहरीका स्थानीय प्रमुखले अपराध प्रवृत्ति र सुरक्षासँग सम्बन्धित विषयहरूको बारेमा समितिलाई अवगत गराउनेछन्,
- स्थानीय तहका पदाधिकारीहरू र साझेदार संस्थाहरूले जिल्ला/स्थानीय तहमा देखिएका सामाजिक विकृति लगायतका समस्याहरूको बारेमा जानकारी गराउनेछन्,
- समस्याहरूको पहिचान गरी निर्दिष्ट विषयवस्तुहरूमा आधारित भई समितिहरूले सामुदायिक र विद्यालय सम्पर्क कार्यक्रमहरू सञ्चालन गर्नेछन्

# प्रतिवेदन र गतिविधिको प्रमाण (Portfolio of Evidence)

- प्रहरी कार्यालयहरूले आफ्नो मातहतमा भएका सामुदायिक गतिविधिहरूको बारेमा प्रहरी प्रधान कार्यालय, सामुदायिक सुरक्षा महाशाखा, प्रदेश प्रहरी कार्यालय/महानगरीय प्रहरी कार्यालय, संघीय प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसरमा प्रतिवेदन गर्नेछन्,
- प्रतिवेदनसँगै सामुदायिक गतिविधिहरूको प्रमाणलाई समेत समावेश गर्नु पर्नेछ (जस्तै: बैठकहरूको माईन्युट, गतिविधिहरूको तस्विर इत्यादि) ।

# Monitoring and Evaluation

- Portfolio of Evidence सहितको दैनिक प्रतिवेदन प्रणाली
- मासिक विश्लेषण (प्रप्रका देखि स्थानीय प्रहरी ईकाई सम्म)
- त्रैमासिक प्रगति समीक्षा  (Quarterly Progress Evaluation) (राष्ट्रिय, प्रादेशिक, जिल्ला स्तरीय र स्थानीय तह स्तरीय)
- प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी कार्यालय, महानगरीय प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय प्रहरी ईकारहरूका सामुदायिक शाखा र Community Focal Officer हरूबाट नियमित अनुगमन तथा मुल्यांकन ।

# वार्षिक न्यूनतम कूल अनुगमन संख्या

| सि. नं. | कार्यक्रम | अनुगमन | कुल |
|---|---|---|---|
| १ | प्रहरी प्रधान कार्यालय | हरेक प्रदेश/महानगरीय प्रहरी कार्यालयमा २ पटक (८*२) | १६ |
| २ | प्रदेश/महानगरीय प्रहरी कार्यालय | हरेक जिल्लामा कम्तिमा २ पटक (७७*२) | १५४ |
| ३ | संघीय प्रहरी ईकाई कार्यालय | हरेक जिल्लामा कम्तिमा २ पटक (७७*२) | १५४ |
| [illegible] | जिल्ला प्रहरी [illegible] | हरेक पालिकामा कम्तिमा २ पटक [illegible] | [illegible] |

# राष्ट्रिय समन्वयात्मक व्यवस्था

- राष्ट्रिय स्तरमा प्रहरी प्रधान कार्यालयले समुदाय-प्रहरी साझेदारिताको संयोजन र व्यवस्थापन गर्नेछ,
- प्रहरी प्रधान कार्यालयले योजना निर्माण, व्यवस्थापन र मुल्यांकनको क्रममा सामुदायिक सुरक्षामा क्रियाशिल अन्तर्राष्ट्रिय निकायहरू, सम्बन्धित मन्त्रालयहरू र अन्य राष्ट्रिय निकायहरूसँग नियमित समन्वय, सहकार्य र साझेदारिता गर्नेछ,
- राष्ट्रिय सञ्चारका संस्थाहरुलाई साझेदारिताको राष्ट्रिय साझेदार (Media Partners) को रुपमा आबद्ध गरी कार्यक्रमहरुको व्यापक प्रचार प्रसार गरिने,
- कार्यक्रमको प्रगति प्रतिवेदन (Progress Report) र आवधिक प्रभाव मुल्याँकन (Periodic Impact Assessment) सबै Stakeholder हरू माझ साझा (Share)

# प्रादेशिक समन्वयात्मक व्यवस्था

- प्रादेशिक स्तरमा प्रदेश प्रहरी कार्यालयले समुदाय-प्रहरी साझेदारिताको संयोजन र व्यवस्थापन गर्नेछ,
- प्रदेश प्रहरी कार्यालयहरुले योजना निर्माण र व्यवस्थापनको क्रममा मुख्यमन्त्रीको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सम्बन्धित अन्य मन्त्रालयहरू समक्ष नियमित रूपमा समन्वय र सहकार्य गर्नेछन्,
- कार्यक्रमको प्रगति प्रतिवेदन (Progress Report) र आवधिक प्रभाव मुल्याँकन (Periodic Impact Assessment) सबै Stakeholder हरू माझ साझा (Share) गरिने,

# साधनश्रोतको व्यवस्थापन

- स्थानीय तह, जिल्ला प्रहरी कार्यालय/महानगरीय प्रहरी परिसर र मातहतका ईकाईहरू समेतका सामुदायिक गतिविधिका लागि उपलब्ध साधन श्रोतहरू,
- सम्बन्धित मन्त्रालयहरु, निकायहरु, साझेदार संस्थाहरू र विद्यालयहरूबाट सामुदायिक कार्यको लागि उपलब्ध साधन श्रोतहरू,
- सम्बन्धित पालिकामा सञ्चालित बैंक तथा वित्तीय लगायतका नाफा मूलक संस्थाहरूको व्यावसायिक सामाजिक दायित्व (Corporate Social Responsibility) लाई समेत सामुदायिक सुरक्षा कार्यक्रमहरूको अवधारणामा समाहित गर्नको लागि पहल गरिने,
- साझेदारीको दीर्घकालीन र दिगो व्यवस्थापनका लागि समुदाय-प्रहरी साझेदारितालाई नेपाल सरकारको प्रमुख प्राथमिकताको रूपमा दीर्घकालीन दृष्टि (Long Term

# यस बागलुङ जिल्ला अन्तर्गत सामुदायिक सेवा केन्द्रबाट हाल सम्म भएका कार्य प्रगति विवरणहरु

- सामुदाय – प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत MOE मा हस्ताक्षर सम्पन्न पश्चात यस जिल्लामा समुदाय प्रहरी जिल्ला समितिको गठन गरियो ।
- जिल्लाका १० वटा स्थानीय तहहरुमा १० वटा पालिका समितिको गठन गरी पालिका प्रमुखहरुलाई अवधारणा पत्र हस्तान्तरण गरियो ।
- स्थानीय तहका ८५ वटा वडाहरुमा समेत समिति गठन गरियो ।
- १७० वटा टोल समिति गठन गरियो ।
- १ कक्षा देखि ८ कक्षा सम्म, ९ कक्षा देखि १० कक्षा र ११ कक्षा र १२ कक्षा सम्मको लागि १०० वटा समिति गठन गरियो ।
- प्रत्येक दिन र रात दुवै समयमा सामुदायिक गस्तिको सुरुवात गरियो ।
- स्थानीय टोल तथा गाँउघरहरु समेतमा सामुदायिक गतिविधी झल्किने विविध कार्यक्रमहरु जस्तै जबरजस्ती करणी, लैंगिक हिंसा, घरेलु हिंसा, बालबालिका बिरुद्धको अपराध, बहुविवाह, लागु औषध नियन्त्रण, बहुविवाह, मानव बेचबिखन जस्ता बिकृतिहरुको सम्बन्धमा जानकारी मुलक जिङ्गलहरु बजाउने तथा माईकिङ समेत गर्ने


# सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला, पालिका, वडा र विद्यालयहरुको कार्य संचालनको क्रममा प्रयोग हुने लेटरप्याड र स्ट्याम्पहरुको नमुना

समुदाय-प्रहरी साझेदारी अन्तर्गतका विभिन्न समितिहरूको छापको नमूना तथा विवरण




१. सम्पूर्ण अक्षरहरू गणेश फन्टमा हुनु पर्ने
२. ४ से.मी. व्यास भएको गोलो घेरा हुनु पर्ने
३. उक्त घेराभित्र पर्ने गरी नमूनामा देखाइएअनुसारको माथिल्लो अर्ध गोलाकारमा लेखिएको अक्षरहरू (समितिको नाम) र बीचको तेर्सो लेखिएको अक्षरहरू (कार्यक्रमको नाम) ११.८२ को साइजमा हुनु पर्ने।
४. तल्लो भागमा अर्ध गोलाकारमा लेखिएको एक वा दुई वटै लाइनका अक्षरहरू (समितको ठेगाना) ९.१४ साइजमा हुनु पर्ने।

# सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला, पालिका, वडा र विद्यालयहरुको कार्य संचालनको क्रममा प्रयोग हुने लेटरप्याड र स्ट्याम्पहरुको नमुना



"शान्तिपूर्ण र सुरक्षित समाजका लागि"

**प्रहरी-विद्यालय सम्पर्क समिति**

**(POLICE-SCHOOL LIAISON COMMITTEE)**

**राष्ट्रिय माध्यामिक विद्यालय, कोन्ज्योसोम**

**गाउँपालिका ८, ललितपुर**

पत्र संख्या: फोन: ००-०००००००

च.नं. मिति:

विषय:

"हर प्रहर, गाउँ र नगरी, टोल-टोलमा न[illegible]ल प्रहरी"

# सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला, पालिका, वडा र विद्यालयहरुको कार्य संचालनको क्रममा प्रयोग हुने लेटरप्याड र स्ट्याम्पहरुको नमुना

"शान्तिपूर्ण र सुरक्षित समाजका लागि"

**समुदाय-प्रहरी जिल्ला समिति**

(COMMUNITY-POLICE DISTRICT COMMITTEE)

**काठमाडौं**

पत्र संख्या: फोन: ००-०००००००

च.नं. मिति:

विषय:

"हर प्रहर, गाउँ र नगरी, टोल-टोलमा न[illegible]ल प्रहरी"

# सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला, पालिका, वडा र विद्यालयहरुको कार्य संचालनको क्रममा प्रयोग हुने लेटरप्याड र स्ट्याम्पहरुको नमुना

*"शान्तिपूर्ण र सुरक्षित समाजका लागि"*

**समुदाय-प्रहरी टोल समिति**

(COMMUNITY-POLICE AREA COMMITTEE)

जीतपुर सिमरा उपमहानगरपालिका ५,
निजगढ, बारा

पत्र संख्या: फोन: ००-०००००००

च.नं. मिति:

विषय:

*"हर प्रहर, गाउँ र नगरी, टोल-टोलमा न[illegible]ल प्रहरी"*

# सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला, पालिका, वडा र विद्यालयहरुको कार्य संचालनको क्रममा प्रयोग हुने लेटरप्याड र स्टयाम्पहरुको नमुना

"शान्तिपूर्ण र सुरक्षित समाजका लागि"

**समुदाय-प्रहरी पालिका समिति**

(COMMUNITY-POLICE MUNICIPALITY COMMITTEE)

**पोखरा लेखनाथ महानगरपालिका, कास्की**

पत्र संख्या: फोन: ००-०००००००

च.नं. मिति:

विषय:

"हर प्रहर, गाउँ र नगरी, टोल-टोलमा नेपाल प्रहरी"

# सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला, पालिका, वडा र विद्यालयहरुको कार्य संचालनको क्रममा प्रयोग हुने लेटरप्याड र स्ट्याम्पहरुको नमुना

*"शान्तिपूर्ण र सुरक्षित समाजका लागि"*

**समुदाय-प्रहरी वडा समिति**

**COMMUNITY-POLICE WARD COMMITTEE**

**त्रिपुरासुन्दरी नगरपालिका ४, डोल्पा**

पत्र संख्या: फोन: ००-०००००००

च.नं. मिति:

विषय:

*"हर प्रहर, गाउँ र नगरी, टोल-टोलमा न[illegible]ल प्रहरी"*

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्.

# हार्दिक आभार

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्

# धन्यवाद !!!